# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असोज १९ गते २०५९ साल (अतिरिक्ताङ्क ४९ (क)

## भाग ३

### निर्वाचन आयोगको सूचना

खण्ड ५२, अतिरिक्ताङ्क १४, मिति २०५९ साल जेठ ८ गतेको नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको विज्ञप्ति अनुसार श्री ५ महाराजाधिराज सरकारबाट २०५९ साल कार्तिक २७ गते प्रतिनिधिसभाका सदस्यहरूको निर्वाचनको मिति घोषणा गरिबक्से बमोजिम खण्ड ५२, अतिरिक्ताङ्क ४७ (क+२) मिति २०५९ साल असोज ११ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना १ बमोजिम मतदानको मिति र समय तोकिएकोमा मिति २०५९।६।१८ गते श्री ५ महाराजाधिराज सरकारबाट बक्स भएको शाही संबोधन बमोजिम निर्वाचन स्थगित गरिएको हुँदा प्रतिनिधिसभा सदस्य निर्वाचन २०५९ को लागि २०५९ साल असोज १९ गतेदेखि शुरू हुने सम्पूर्ण निर्वाचन कार्यक्रमहरू स्थगित गर्नुका साथै २०५९ साल मंसिर ९, मंसिर २१, पौष ३, पौष १४ र पौष २६ गतेका दिनहरूमा मतदान हुने गरी निर्धारण गरिएका मतदान कार्यक्रमहरू समेत स्थगित गरिएकोले उपरोक्त कार्यका लागि प्रकाशित यस आयोगको सूचनासँग सम्बन्धित अन्य काम कारवाहीहरू पनि रद्द गरिएका छन् ।

आज्ञाले,

तेजमुनि बज्राचार्य

निर्वाचन आयोगको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

569

मुद्रण विभाग, सिंहदरबार

962

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।